# २ येशूको बप्तिस्मा र वनमा उहाँको परिक्षा

*यस अध्यायका मूल पदहरू:* लूका ३:१-१४, रोमी ६:१-६, लूका ३:२१,२२, ४:५-८, यशैया १४:१३,१४, लूका ४:९-१३।

*स्मरण गर्नुपर्ने पद:* "ढुक्कुरको रूपमा पवित्र आत्मा उहाँमा (येशूमा) ओर्लेर आउनुभयो। त्यसै वखत स्वर्गबाट आवाज आयो। त्यस आकाशवाणीद्वारा यो भनिएको थियो "तिमी मेरो पुत्र हौ र तिमीलाई म प्रेम गर्छु। तिमीदेखि म अति प्रशन्न छु।" (लूका ३:२२ रूपान्तरित)।

लूकाले आफ्नो समयमा शासन गर्ने प्रख्यात मानिसहरूको सूची तयार पारेका लूकाको सुसमाचारको पुस्तकको पहिलो अध्यायमा हामीले हेऱ्यौं। इतिहासका व्यक्तित्वहरूलाई उल्लेख गरेर येशू र यूहन्नाको जीवन कहानी लेख्नुको मतलब इतिहासका ती शक्तिशाली अगुवाहरूको अस्तित्व जसरी वास्तविक छन् त्यसरी नै उँहाका कथाहरू पनि वास्तविक छन् भनेर लूकाले जिकिर गर्न खोजेका थिए भनेर हामी विश्वास गर्दछौं।

इतिहासका ती शक्तिशाली र प्रभावकारी व्यक्तित्वहरूको नामहरू दिएर नै आफ्नो पुस्तकको सुरुवात गर्नुको अर्को महत्त्वपूर्ण कारण छ। ती महान् व्यक्तित्वहरू र बप्तिस्मा दिने यूहन्ना जस्तो उजाड स्थानमा रहने नम्र तथा सरल मानिसहरूको बीचमा कति भिन्नता रहेछ भनेर पनि देखाउन लूकाले चाहेको आभास् हामी पाउछौं। बप्तिस्मा दिने यूहन्ना सारा मानव इतिहासमा अति उल्लेखनीय घट्ना घट्ने बाटो तयार पार्न परमेश्वरले चुन्नु भएको सन्देशवाहक थिए। संसारको उद्धारकर्ता येशूको आगमनको बारेमा तत्कालिन समाजलाई सूचित गर्ने काम उनको थियो। यो गम्भिर चासोको विषय हो कि मसीहको जन्मको सुसमाचार सुनाउन परमेश्वरले माथिल्लो स्तरका महान् व्यक्तित्वहरूलाई चुन्नुभएन बरू निम्न कोटि तथा विनम्र मानिसहरूलाई चुन्नुभयो।

बप्तिस्मा दिने यूहन्ना र येशूको सेवाकार्यको सुरू ई.सन् २७देखि २८को बीचमा भएको थियो भनेर ती ऐतिहासिक अगुवाहरूको शासनका आधारमा बाइबलका चिन्तकहरूले निश्कर्ष निकालेका छन्। शासकहरूका नामहरूलाई उल्लेख गरि रोमी साम्राज्यकै ऐतिहासिक परिवेशमा येशूले बप्तिस्मा लिनुभएको थियो र स्वर्गिय आकाशवाणीबाट उहाँलाई "प्रिय पुत्र" (लूका ३:२२) भनेर घोषणा गरिएको थियो भनेर लूकाले ठोकुवा गरेका छन्। येशू ख्रीष्टको सेवाकार्यको क्रमवद्ध रूपमा प्रतिवेदन प्रस्तुत गर्नुभन्दा पहिले आफ्ना पाठकहरूलाई येशूको जीवन कुनै पुराण वा जङ्गलमा ध्यान गरेर उब्जाएको नभै ऐतिहासिक तथ्य भनेर थाहा पाउन सकियोस भनेर लूकाले चाहेका थिए।

## १ प्रभुको निम्ति बाटो तयार गर (लूका ३:१-१४)

**मुक्तिको इतिहासमा बप्तिस्मा दिने यूहन्नालाई अत्यन्त विशेष र उल्लेखनीय भूमिका निभाउन अऱ्हाएको थियो भनेर लूका ३ अध्यायले प्रस्तुत गरेको पाइन्छ। जब यूहन्नाले प्रवचन दिए तब भिँडलाई खुशी पार्न फुर्क्याउने शब्दहरू प्रयोग गरेका थिएनन्।**

उनका प्रवचन महत्त्वपूर्ण र सही सत्य ज्ञानहरूले भरिएको थियो। ती सत्यहरू केवल तत्कालिन समाजको निम्तिमात्र नभएर हामीहरूको निम्ति पनि सान्दर्भिक छन्। उनको प्रवचनबाट हामीले के सिक्न सक्छौं, हेरौं लूका ३:१-१४ "कैसर तिबेरिअसको शासनकालको पन्ध्रौं वर्षमा पन्तियस पिलातस यहूदियाका हाकिम थिए। त्यस बेला हेरोद गालीलका शासक थिए, र तिनका भाइ फिलिप इतुरिया र त्राखोनितिसका शासक थिए, अनि लुसानियास अबिलेनेका शासक थिए। २ हन्नास र कैयाफाका प्रधान पूजाहारीगिरीको समयमा परमेश्वरको वचन उजाड-स्थानमा जकरियाका छोरा यूहन्नाकहाँ आयो। ३ तिनी पाप-क्षमाको निम्ति पश्चात्तापको बप्तिस्मा प्रचार गर्दै यर्दन नदीका आसपासका सबै इलाका हुँदो आए। ४ यशैया अगमवक्ताका वचनको पुस्तकमा यसो लेखिएको छ, "उजाड-स्थानमा एक जना कराउनेको आवाज, परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ। ५ हरेक घाटी पुरिनेछ, र हरेक पहाड र हरेक डाँड़ा समतल बनाइनेछ। र

बाङ्गा-टेढ़ा सोझा हुनेछन्, र अप्ठेरा बाटाहरू सम्म हुनेछन्, ६ र सबै प्राणीले परमेश्वरको मुक्ति देख्नेछन्।" ७ यसकारण तिनीसँग बप्तिस्मालिन आउने भीड़हरूलाई तिनले भने, "ए सर्पका बच्चा हो, आइलाग्ने क्रोधबाट भाग्न तिमीहरूलाई कसले चेताउनी दियो? ८ यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ, र तिमीहरू आफै 'हाम्रा पिता अब्राहाम हुन्' भन्नपछि नलाग, किनभने म तिमीहरूलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाहरूबाट अब्राहामको निम्ति सन्तान उत्पन्न गर्न सक्नुहुन्छ। ९ अहिले बन्चरो रूखहरूको जरामा परिसकेको छ, यसकारण असल फल नदिने हरेक रूख ढालिनेछ, र आगोमा फालिनेछ।" १० मानिसहरूले यूहन्नालाई सोधे, "त्यसो भए हामीले के गर्ने?" ११ तिनले उनीहरूलाई जवाफ दिए, "जससँग दुई जोर दौरा छन्, त्यसले नहुनेलाई एउटा दिइहालोस्, र जससँग खानेकुरा छ, त्यसले पनि त्यसै गरोस्।" १२ कर उठाउनेहरू पनि बप्तिस्मा लिन आए, अनि तिनलाई सोधे, "गुरुज्यू, हामीले के गर्ने?" १३ तिनले उनीहरूलाई भने, "तिमीहरूलाई खटाएकोभन्दा बेसी नलेओ।" १४ सिपाहीहरूले पनि सोधे, "हामीले चाहिँ के गर्ने?" तिनले उनीहरूलाई भने, "कसैमाथि अत्याचार गरेर, र झूटो दोष लगाएर नलुट। आफ्ना तनखामा सन्तुष्ट रहो।"

**आफूले गरेका गल्तीहरूलाई स्वीकार गर्दै त्यसलाई सुधारेर नयाँ जीवन बिताउन चाहने धारणा कुनै मनगढन्ते नभएर यथार्थता हो। यो जीवनशैलीको एक भाग हो। पश्चाताप भन्ने शब्द ग्रीक वा यूनानी शब्द मेटानोइया (metanoia)बाट आएको हो। यसको अर्थ दिमागलाई परिवर्तन ल्याउनु वा मनोक्रान्ती ल्याउनु हो। यस प्रक्रियाले मानिसलाई नयाँ जीवन पद्धती अपनाउन अगुवाइ गर्दछ।**

**बप्तिस्मा लिनु भनेको मानिसको शीर वा जिउमा पानी छर्कनु नभएर पानीमा चुर्लुम्म डुब्नु हो। चुर्लुम्म डुब्नुको पनि अर्थ छ। यूहन्नाको समय भन्दा पहिले पानीमा चुर्लुम्म डुब्नुको अर्थ आफूलाई गाड्नु हो भनेर अर्थ यहूदीहरूले सिकाएका थिए। गैर-यहूदी अर्थात् यहूदी**

जातभन्दा परायाका कोही मानिसहरू यहूदी हुन चाहे तिनीहरूलाई पानीमा नै चुर्लुम्म डुबाएर यहूदी मतमा समावेश गर्दथे।

यहूदीहरूलाई नै बप्तिस्मा दिने यूहन्नाले बप्तिस्मा लिन आह्वान गरेको अर्थ अत्यन्त गहन छ। उनले तिनीहरूको सामु एक महत्त्वपूर्ण नीति स्थापना गरेका थिए, त्यो थियोः बप्तिस्माद्वारा सार्वजनिक रूपमा आफ्ना पुरानो जीवन वा पापहरू छोडेका छन् भनेर घोषणा गर्नु र आउनेवाला मसीहको निम्ति आफ्नो हृदयका मार्गहरू तयार पार्नु। बप्तिस्माको प्रतिकलाई सुरूवात गरेर पाप छोड्न र स्वर्गको नागरिक हुन पवित्र जीवन बिताओस् भनेर बप्तिस्मा दिने यूहन्नाले मानिसहरूलाई आह्वान गरेका थिए। त्यो नयाँ जीवन येशूबाट सुरू हुन लागेको थियो। यूहन्नाले केवल पानीबाट मात्र बप्तिस्मा दिए तर उनी पछि आउनेले "पवित्र आत्मा र आगोले बप्तिस्मा दिने छ" (लूका ३:१६) भनेर अझ थपेका थिए। त्यसकारण बप्तिस्माको रितिमा एक अत्यन्त महत्त्वपूर्ण विषय बनाइएको छः पानीमा चुर्लुम्म डुब्नुको अर्थ आफ्नो पुरानो जीवनलाई गाडेको र आफ्नै आत्मनिर्णयको आधारमा आत्मपरिवर्तन गरेको सार्वजनिक रूपमा अवगत गराउनु हो। बप्तिस्मा लिएपछि पछि पवित्र आत्माले त्यो व्यक्तिले परिवर्तित जीवन बिताउन लालमोहर लगाएको मानिन्छ।

यही परिवेशमा प्रेरित पावलले रोमी ६:१-७मा बप्तिस्माको अर्थलाई स्पष्टरूपमा खुलासा गरेका छन्। पानीमा डुब्नुको अर्थ आफ्नो पुरानो जीवनलाई चिहानमा गाड्नु हो, पापलाई मृत्युमा घुसारिदिनु हो र सही, सत्य र धार्मिक जीवन बिताउन प्रतिवद्धता व्यक्त गर्नु हो भनेर पावलले बप्तिस्माको परिभाषा दिएका छन्। हेर्नुहोस्, उनको कथनलाई पढेर तपाईंको जीवन येशूमा कसरी नयाँ भएर चलेको छ सोच्नुहोस्।

रोमी ६:१-७ "अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त? २ त्यसो नहोस्! हामी जो पापको लेखि मर्‍यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? ३ के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं,

ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं। ५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। ६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ।"

## २. "तिमी मेरा अति प्यारो पुत्र हौ" (मत्ती ३:१३-१७)

यरुशलेममा युशूफ र मरियमले येशूलाई हराउनुभएको प्रख्यात कथा लूका २:४१-५०मा हामी पढ्छौं। जब मरियमले येशूलाई भेट्टाएपछि उनले उहाँलाई झपारेकी थिइन् त्यसबेला उहाँले दिनुभएको जवाफ अत्यन्त गहकिलो थियो (पद ४८)। येशूले दिनुभएको जवाफमा आफू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर महसूस गर्नुभएको थियो भनेर देखाउँछ। “तपाईंहरूले मलाई किन खोजी रहनुभएको?" उहाँले सोध्नुभयो। “के तपाईंहरूलाई थाहा छैन म मेरो पिताको घरमा हुनुपर्छ भनेर?" (पद ४९ रूपान्तरित)। उहाँले के भन्नुभएको थियो सो कुरो युशूफ र मरियमले राम्रोसँग बुझेनन् भनेर त्यसपछिको पदले बताउँछ। मानविय सोचले बुझ्नुपर्दा उहाँको कुरा बुझ्न के तिनीहरूले सक्थे र? उहाँसँग केही वर्ष बिताउने चेलाहरूले जतिसुकै उहाँका शिक्षाहरू सुने पनि राम्रोसँग बुझ्न सकेका थिएनन् न त उहाँ यस संसारमा आउनुको उद्देष्यलाई नै पहिचान गर्न सकेका थिए।

चेलाहरूले उहाँलाई बुझ्न नसकेको ज्वलन्त उदाहरण येशूको पुनरुत्थान भएपछि उहाँले इम्मायुसको बाटोमा दुई चेलाहरूसँग गरेको कुराबाट थाहा हुन्छ। सुरुमा तिनीहरूले येशूलाई चिनेका थिएनन्। उहाँलाई नौलो मानिस ठानेर एक जना चेलाले भने “येशू अगमवक्ता हुनुहुन्थ्यो। उहाँले जे भन्नुभयो र जे गर्नुभयो त्यसमा उहाँको ठूलो शक्ति थियो। परमेश्वर र मानिसमा उहाँको प्रभाव ठूलो थियो (लूका २४:१९ रूपान्तरित)। हो, येशूको व्यक्तित्व अगमबक्ता हुनुमा मात्र सिमित

**थिएन। तै पनि समुच्च रूपमा चेलाहरूले उहाँ को हुनुहुन्थ्यो र उहाँ किन आउनुभयो सो बुझ्न असमर्थ भएका थिए।**

येशूको बप्तिस्मा किन महत्त्वपूर्ण थियो भनेर देहायका पदहरूले कसरी बताउँछन्, हेर्नुहोस्ः मत्ती ३ः१३-१७ “तब येशू गालीलबाट यूहन्नाकहाँ तिनीद्वारा बप्तिस्मा लिन यर्दनमा आउनुभयो। १४ तर यूहन्नाले यसो भनेर उहाँलाई रोक्न खोजे, “बरु मलाई पो तपाईंबाट बप्तिस्मा लिनु आवश्यक छ, र के तपाईं मकहाँ आउनुहुने?” १५ तर येशूले तिनलाई भन्नुभयो, “अहिलेलाई यसै हुन देऊ। किनभने यसरी नै हामीहरूले सबै धार्मिकता पूरा गर्नुपर्दछ।” तब यूहन्ना राजी भए। १६ अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो, अनि स्वर्ग उघ्रियो, र उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो। १७ तब स्वर्गबाट यो वाणी आयो, “यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु।” , यूहन्ना १ः२९-३४ “भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, “हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा! ३० उनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, ‘मपछि एक जना मानिस आउनुहुन्छ, जो मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो।’ ३१ म आफैले उहाँलाई चिनेको थिइनँ, तर उहाँ इस्राएलमा प्रकट होऊन् भनेर नै पानीले बप्तिस्मा दिँदै म आएँ।” ३२ यूहन्नाले यसो भन्दै गवाही दिए, “मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें। ३३ मैले उहाँलाई चिनेको थिइनँ, तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, ‘जसमाथि तिमी पवित्र आत्मालाई ओर्लंदै र बस्दैगर्नुभएको देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ।’ ३४ मैले देखेको छु, र गवाही दिएको छु, कि परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ।”, लूका ३ः२१,२२ “जब सबै मानिसहरूले बप्तिस्मा लिए, अनि येशूले पनि बप्तिस्मा लिएर प्रार्थना गरिरहनुभएको थियो, तब स्वर्ग उघ्रियो, २२ र पवित्र आत्मा शारीरिक रूपमा

ढुकुरजस्तो उहाँमाथि ओर्लनुभयो। अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु।"

**येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर बप्तिस्माको समयमा स्वर्गले समर्थन गरेको थियो। येशूले बप्तिस्माको चाहना गर्नु भएको थियो तर त्यो उहाँको लागि आवश्यक थिएन। अरूको निम्ति उदाहरण बन्न उहाँले बप्तिस्मा लिनुभएको थियो (मत्ती ३:१४,१५)। येशूको बप्तिस्माको समयमा तिनवटा महत्त्वपूर्ण कुरो खडा भएको पाइन्छः (१) बप्तिस्मा दिने यूहन्नाले उहाँ को हुनुहुन्छ भनेर ठोकुवा गरेका थिए "हेर! परमेश्वरको थुमा जसले संसारका पापहरूलाई उठाइ लानुहुन्छ!"** (यूहन्ना १:२९ रूपान्तरित)। (२) येशूले आउने जीवनमा सम्पन्न गरिने कामको निम्ति पवित्र आत्माको अगुवाई (३) येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर स्वर्गबाट आकाशवाणी भएर उहाँदेखि पिता प्रसन्न हुनुभएको घोषणा।

यो सोच्नुहोस्ः सारा जगतका सृष्टिकर्ता र परमेश्वरको सिद्ध पुत्र एक जना निम्न कोटीको मानिसबाट बप्तिस्मा लिनुभएको ! त्यो सबै मुक्तिको योजनाको भाग थियो। हाम्रो निम्ति येशू नम्र र तलसम्म गिर्न राजी हुनुभएकोमा के हामी पनि चाहेको बेलामा निहुरिनु राजी हुनुहुन्न र?

## ३. रोटीले मात्र मानिस बाँच्दैन (लूका ४:४)

**"पवित्र आत्माले भरपूर हुनुभएको येशूलाई पवित्र आत्माले उहाँलाई उजाड स्थान अर्थात् मरुभूमीमा लग्नु भयो। त्यहाँ उहाँ चालिस दिनसम्म सैतानको परिक्षामा पर्नुभएको थियो।" (लूका ४:१,२ रूपान्तरित)। परमेश्वरले निर्देशन गर्नुभएको लक्ष्यलाई पूरा गर्न उहाँ जन्मिनुभएको थियो। येशूले आफू आउनुभएको लक्ष्यलाई सम्पन्न गर्न बप्तिस्मा पछि उहाँले सुरू गर्नुभएको थियो। पवित्र आत्माले उहाँलाई शक्तिसम्पन्न गर्नुभएको थियो। आफ्नो अगाडिको कामको बारेमा ध्यान गर्न उहाँ बनमा पस्नुभएको थियो।**

**चालिस दिनको ध्यान तथा उपवास पछि सैतानले आएर येशूलाई** लोभ्याउने काम गर्‍यो। **त्यो येशू र उसको बीचमा भएको महान् संघर्षको महत्त्वपूर्ण युद्धको थलो त्यस उजाड स्थान भएको थियो। त्यो**

संघर्ष सैतानले परमेश्वरको विरुद्धमा गएपछि स्वर्गमै सुरू भएको थियो। ४० दिनको उपवास पछि उजाड स्थानमा येशू भोकाउनुभएको थियो र उहाँ कमजोर हुनुभएको थियो। त्यस अवस्थामा उहाँको मानविय स्वभावले भविष्यलाई अन्धकार र निराशमय देखाएको थियो। अनि त्यसको फाइदा उठाएर सैतानले व्यक्तिगत रूपमा नै आएर येशूप्रति आक्रामक नीति तेर्स्याइ दियो। "कि त येशूलाई हराउनुपर्छ कि त आफू हार्नुपर्छ भनेर सैतानले महसुस गरेको थियो। बनमा येंशू र सैतानको बीचमा हुने संग्राम अति महत्त्वपूर्ण भएकोले त्यो संग्राममा उसले आफ्ना दुतहरूको भरोसामा छोडेन। येशूसँगको युद्ध आफैले गर्नुपर्छ भनेर उसलाई थाहा थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज" पृ. ११६बाट रूपान्तरित।

भोकले रन्थलिनु येशूलाई सैतानले आएर भनेको वचन ध्यान गरेर पढ्नुहोस्ः "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यस पत्थरलाई रोटीमा परिणत गर्न आज्ञा दिनुहोस्।" (लूका ४:३ रूपान्तरित)। स्वर्गमा सैतानले के गर्न खोजिएको थियो त्यही काम येशूको सामु गर्न खोजेको थियो भनेर कसरी थाहा पाउने?

याद गर्नुहोस्, यहाँ जे भइरहेको छ त्यसको मूल विषय वस्तु रोटी थिएन। हो, उजाड स्थानमा ४० दिनको उपवास पछि हाम्रो उद्धारकर्ता धेरै भोकाउनुभएको थियो। अनि येशूलाई भोकको हथियार प्रयोग गरेर पाप गराउन प्रयास गरेको थियो। सारा सृष्टिका मालिक येशू हुनुहुन्थ्यो भनेर सैतानलाई थाहा थियो। कुनै पनि अस्तित्व नभएको पदार्थबाट येशू आफैले जगतको सृष्टि गर्नुभएको थियो। त्यसकारण पत्थरबाट रोटी बनाउन येशूको निम्ति मामुली कुरो थियो। त्यसकारण सैतानलाई थाहा थियो कि पत्थरबाट रोटी बनाउने विषय येशूसँगको संघर्षको मूल मुद्दा होइन। तर येशूलाई धरापमा पार्ने विषय भनेको सैतानले व्यक्त गरेको यस वाक्यमा छ "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने..." ४० दिन अघि मात्र परमेश्वरले सार्वजनिक रूपमा येशूलाई परमेश्वरको आफ्नै सत्य मायालु पुत्र हुनुहुन्छ भनेर घोषणा गर्नुभएको थियो। अब मानिसको स्वभाव लिनुभएको येशूले के त्यो

**घोषणाको शङ्का गर्ने? परमेश्वरको वचनमा शङ्का गर्नु नै सैतानको पासोमा पर्नु पहिलो कदम हो। येशूको अधिकारलाई सैतानले स्वर्गमा चुनौती दिएको थियो। यहाँ पनि सैतानले अझ धूर्त तरिकाले स्वर्गमा गरिएको येशूप्रतिको आक्रामक नीति प्रयोग गरेको थियो।**

परमेश्वरका वचन तथा अनगिन्ति प्रतिज्ञाहरूमाथि शङ्का गराउन सैतानल फाल्ने पासोबाट हामी कसरी सतर्क हुने?

## ४. "मलाई ढोग" (लूका ४:५-८)

सैतानले "मलाई ढोग, मेरो पूजा गर, मेरो उपासक होऊ" भनेर येशूलाई दिएको ललकारको अर्थ के हो? हेर्नुहोस्ः लूका ४:५-८ "त्यसले उहाँलाई एउटा उच्च स्थानमा लगेर एकै क्षणमा जगत्का सबै राज्यहरू देखायो। ६ दियाबलसले उहाँलाई भन्यो, "म यो सारा अधिकार र यिनको गौरव तपाईंलाई दिनेछु, किनभने यी सबै मलाई सुम्पिएका छन्, र म जसलाई इच्छा गर्दछु, त्यसलाई दिंदछु। ७ तपाईंले मलाई दण्डवत् गर्नुभयो भने यी सबै तपाईंका हुनेछन्।" ८ येशूले त्यसलाई जवाफ दिनुभयो, "लेखिएको छ, 'तिमीले परमप्रभु, आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।"

**परमेश्वरलाई मात्र पूजा गर्नु र ढोग्नु पर्छ। सृष्टि र सृष्टिकर्ताको बीचमा सदासर्वदा भिन्नता राख्ने तत्व नै परमेश्वरलाई पूज्य स्थानमा राखिनु र सृष्टिलाई उहाँको पाउदानमा राखिनु। सम्मान र ढोगको भोको भएको लुसिफरले स्वर्गदूतहरूबाट परमेश्वरलाई भन्दा आफूलाई ढोग्न उक्साउँदा स्वर्गमै महान् युद्ध छेडिएको थियो। लुसिफरको महत्त्वकाँक्षित नियतलाई अगमवक्ता यशैयाले स्पष्ट रूपमा यशैया १४:१३,१४ खुलासा गरेका छन्ः सैतानले आफ्नो आसन स्वर्गभन्दा माथि राख्न चाहेको थियो। स्वर्गका सारा ताराहरूभन्दा आसिन रहेर आफ्नो महिमा उसले खोजेको थियो। यथार्थमा ऊ परमेश्वर जस्तै सर्वोच्च स्थानमा बस्न चाहेको थियो। सृष्टिकर्तामा मात्र निहित भएको सार्वभौमसत्तालाई उसले खोस्न खोजेको थियो।**

**त्यस परिप्रेक्ष्यमा उजाड स्थानमा येशू र सैतानको बीचमा के भइरहेको थियो सो राम्रोसँग हामी बुझ्न सक्दछौं। येशूले यस संसारको**

सार्बभौमिकता परमेश्वरका पुःन सुम्पिने लक्ष्यमा अघि बढ्न खोज्दा सैतानले उहाँलाई पहाडको टुप्पोमा लगे। तत्कालिन विश्वका सारा राष्ट्रहरू दुरदर्शनद्वारा सैतानले येशूलाई देखायो। अनि क्रुसको कष्ट सहन नपर्ने गरि सैतानले येशूलाई यो एकदम सरल उपाय बतायो "यदि तपाईंले मलाई शिर्फ ढोगेमा मात्र यो सबै तपाईंको हुनेछ।" (लूका ४:७ रूपान्तरित)।

येशूलाई उहाँ परमेश्वर हुनुभएको प्रभुत्वबाट सैतानले बिचलित पार्न प्रयास गरेको थियो। केवल मामुली रूपमा उसलाई ढोगेमात्र उहाँले सारा यश, सम्मान, महिमा पाउने प्रलोभनमा उहाँलाई फसाउन खोजेको थियो। झट्ट हेर्दा येशूलाई आकर्षित गर्न खोजेको प्रयास त्यस्तो महँगो पनि थिएन। स्वर्गमा पाउन नसकेको अधिकार र ढोग सैतानले येशूबाट खोस्न खोजेको थियो।

अत्यन्त वाक्क भएर येशूले सैतानको अनुरोधलाई अस्वीकार गर्नुभएको एकदम सोचनिय छ। उहाँले भन्नुभयो, "हे सैतान मबाट भाग!" (पद ८ रूपान्तरित)। आराधना गर्नु, ढोग्नु, उपासना गर्नु र सेवा गर्नु परमेश्वरलाई बाहेक कसैले पनि माग गर्ने अधिकार छैन। परमेश्वरको वचनले स्पष्ट पार्दछ। पवित्र आत्माकै अगुवाइमा मोशाले लेखेका थिए, होइनन् र? "हे, इस्राएलीहरू हो, सुन्: परमेश्वर हाम्रो प्रभु हुनुहुन्छ। परमेश्वर एक हुनुहुन्छ! तिमीहरूले तिमीहरूको परमेश्वरलाई प्रेम गर्नु.... परमेश्वरप्रति अगाढ श्रद्धा राखेर उहाँको सेवा गर्नु।" (व्यवस्था ६:४,५,१३ रूपान्तरित)। सैतानको छल, कपट र झुठोबाट जोगिएर बस्ने उपाय केवल परमेश्वरमाथिको विश्वासमा अटल भएर बस्नु र उहाँका वचनहरूलाई शिरोपर गरेर बस्नुको बिकल्प अरू छैन।

सानोतिनो कुराले मात्र किन नहोस हामीहरूको आस्था वा विश्वासलाई धलमल्याउन सजिलैसँग हामीहरूको बाटोमा आउँछन्। काम, कलेजमा पास हुने कुरामा र काममा पदोन्नती वा प्रमोशनको निम्ति सब्बथसँग कतिपयले सम्झौता गर्दछन्। त्यस मामिलामा तपाईं कहाँसम्म पुग्न चाहनुहुन्छ? परमेश्वर र सैतानको बीचमा रोज्नुपर्दा तपाईंले कस्तो मूल्य चुकाउनु पर्ने हुन्छ?

## ५. बिजयी ख्रीष्ट (लूका ४:९-१३)

येशूले सामना गर्नु भएको दोस्रो र तेस्रो परिक्षाको क्रमलाई लूका र मत्तीले भिन्ना भिन्नै गरेर प्रस्तुत गरेका छन्। त्यसको कारण किन हो सो स्पष्ट छैन, तर त्यो त्यति महत्त्वको विषय होइन। दुबै सुसमाचारका लेखकहरू येशूलाई सैतानमाथि पूर्ण रूपमा बिजय प्राप्त गर्नुभएको विषयचाहिँ महत्त्वको विषय बनाइएको छ। अर्को सान्दर्भिक तथा महत्त्वपूर्ण विषयचाहीँ हामीले सामना गर्नुपर्ने जे जे परिक्षा वा प्रलोभनहरू छन् ती सबै येशूले सामना गर्नुभएको थियो तर तिनीहरूमा फसेर येशूले पाप गर्नुभएन (हिब्रू ४:१५)। प्रत्येक परिक्षा वा प्रलोभनमाथि बिजय प्राप्ति गरेर, परमेश्वरको वचन उहाँको मुखार र प्रार्थनामा समावेश गरेर, येशूले परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्न आफूलाई तयार पार्नुहुन्छ र विश्वको मितिलाई दुई भागमा अलग्याएर इसाई शताब्धीको सुरू गर्नुहुन्छ।

लूका ४:३-१३ र मत्ती ४:५-१० पढ्नुहोस्। सैतानको जालोमा नफस्न येशूले पहिलो दुवै परिक्षा वा प्रलोभनको सामना गर्न परमेश्वरको वचन वा धर्मशास्त्र बाइबललाई अस्त्रको रूपमा प्रयोग गर्नुभएको थियो। तेस्रोमा पनि येशूलाई फसाउन सैतानले बाइबलकै वचनलाई उद्धृत गरेर येशूले परमेश्वरको वचनलाई गम्भिर रूपमा लिनुहुन्छ कि हुँदैन भनेर जाँच गर्नुहुन्छ। ती दुईको बीचमा कस्तो दृष्य भइरहेको छ सो कल्पना गर्नुहोस्। सैतानलाई येशूले कस्तो निर्णायक जवाफ दिनुभयो? हेर्नुहोस् "तब दियाबलसले उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यस ढुङ्गालाई आज्ञा गर्नुहोस्, र त्यो रोटी बनोस्।" ४ येशूले त्यसलाई जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र जीवित रहँदैन'।" ५ त्यसले उहाँलाई एउटा उच्च स्थानमा लगेर एकै क्षणमा जगत्‌का सबै राज्यहरू देखायो। ६ दियाबलसले उहाँलाई भन्यो, "म यो सारा अधिकार र यिनको गौरव तपाईंलाई दिनेछु, किनभने यी सबै मलाई सुम्पिएका छन्, र म जसलाई इच्छा गर्दछु, त्यसलाई दिँदछु। ७ तपाईंले मलाई दण्डवत् गर्नुभयो भने यी सबै तपाईंका हुनेछन्।" ८ येशूले त्यसलाई जवाफ दिनुभयो, "लेखिएको

छ, 'तैंले परमप्रभु, आफ्ना परमेश्‍वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।" ९ तब त्यसले उहाँलाई यरूशलेममा लगेर मन्दिरको टुप्पामा राख्यो, र उहाँलाई भन्यो, "तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ भने यहाँबाट हामफाल्नुहोस्। १० किनभने लेखिएको छ, 'उहाँले तिम्रो रक्षा गर्न आफ्ना स्वर्गदूतहरूलाई आज्ञा गर्नुहुनेछ,' ११ र 'तिनीहरूले तिमीलाई हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" १२ येशूले त्यसलाई जवाफ दिनुभयो, "यसो भनिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्‍वरको परीक्षा नगर्नू'।" १३ दियाबलसले उहाँलाई सबै परीक्षा गरिसकेपछि अनुकूल समय नभएसम्म उहाँलाई छोड़ेर गयो।" (लूका ४:३-१३), "५ तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको शिरमा खड़ा गरायो, ६ र उहाँलाई भन्यो, "तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हामफाल्नुहोस्, किनभने यस्तो लेखिएको छ, 'उहाँले आफ्ना दूतहरूको जिम्मामा तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" ७ येशूले त्यसलाई भन्नुभयो, "लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्‍वरको परीक्षा नगर्नू'।" ८ फेरि दियाबलसले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, ९ र उहाँलाई भन्यो, "तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु।" १० तब येशूले त्यसलाई भन्नुभयो, "शैतान, तँ दूर होइजा! किनभने लेखिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्‍वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।" (मत्ती ४:५-१०)।

**यहूदी धार्मिक इतिहासमा अत्यन्त पवित्र मानिने यरुशलेमको मन्दिरको टुप्पोमा सैतानले येशूलाई लान्छन्। आफ्ना जनहरूको बीचमा रहने परमेश्‍वरको थलोलाई सैतानले येशूसँगको युद्धको मैदान बनाउँछ। "यदि तपाईं परमेश्‍वरको पुत्र हुनुहुन्छ भने" कस्तो चुनौती हो यो? सैतानले भन्न खोजेको नियत कस्तो छ हेर्नुहोस्: यदि परमेश्‍वर तपाईंको साँचो पिता हुनुहुन्छ भने र तपाईंको लक्ष्य उहाँको निर्देशन अनुसार चलाउने हो भने यस मन्दिरको टुप्पोबाट बन्जी जम्प वा हाम फाल्नुहोस्**

(बन्जीमा जस्तो डोरी त येशूलाई दिइएको थिएन)। यदि तपाईं यस मन्दिरबाट हाम्फालेर साहसीको काम देखाउनुभयो भने परमेश्वरको तपाईंको पिता हुनुभएको नाताले उहाँले तपाईंलाई तल पत्थरमा बज्जाएर चोत पुर्‍याउनुहुन्न।" धुर्त सैतानले बाइबलबाट नै भनाईलाई उद्धृत गरेर भन्छ "परमेश्वरले आफ्ना स्वर्गदूतहरूलाई पठाएर तपाईंको सुरक्षा गर्नुहुनेछ। भुईंमा नबज्रियोस् भनेर तिनीहरूले तिनीहरूको पाखुराले तपाँईलाई थाप्नेछन्।" (लूका ४:१० रूपान्तरित)।

सैतानलाई बाइबल कण्ठ छ तर आफ्नो प्रयोजनको निम्ति उसले बँग्याएर मानिसलाई फसाउन खोज्छ। येशूलाई मात्र होइन परमेश्वरलाई नै जाँच्ने योजना सैतानको थियो। परमेश्वर पिताको सदिच्छामा काम गरिरहनुहुन्छ भने आफ्ना स्वर्गदूतहरू पठाएर येशूलाई रक्षा गर्ने अभिभारा परमेश्वरले पहिले नै लिइसक्नुभएको थियो। यो येशूमामात्र निहित नभएर दानियल र उहाँका मित्रहरूमा पनि प्रमाणित गरेर देखाइएको थियो। बाइबललाई नै प्रयोग गरेर सैतानलाई जवाफ दिनुहुन्छ। परमेश्वरको जाँच गर्नु वा उहाँलाई फसाउन खोज्नु कसैको अधिकार छैन भनेर उहाँले स्पष्ट पार्नुहुन्छ (लूका ४:१२)। हामीहरूको कर्तव्य वा धर्म भनेको हामीहरूको जीवनलाई परमेश्वरको इच्छामा छोड्नु हो र बाँकी काम उहाँलाई नै गर्न दिनु हो।

सैतानले येशूलाई ल्याएको प्रलोभन, परिक्षा वा जालोका चार पक्षहरू बाइबलले स्पष्ट पार्दछः (१) कोही मानिस पनि ती प्रलोभन, परिक्षा र जालोबाट मुक्त छैन (२) जब ती परिक्षाहरू आउन परमेश्वरले अनुमती दिनुहुन्छ तब उहाँले हामीलाई अनुग्रह र त्यसलाई सामना गर्न बल पनि दिनुहुन्छ (३) सैतानले ल्याउने प्रलोभन, परिक्षा, छल आदिहरू प्रत्येक पल्ट एउटै अनुहार लिएर आउँदैनन् न त सबैलाई त्यही रूपमा आउँछन् (४) आफ्नो बल वा शक्तिले नभ्याउने गरेर कुनै पनि प्रलोभन वा परिक्षा आउँदैनन् (१ कोरन्थी १०:१३)।

## उपसंहार:

थप जानकारीः "आफ्ना दिमाग र मनलाई परमेश्वरमा केन्द्रित गरेर प्रार्थनामा लागिरहेका थिए भने युशूफ र मरियमले आफ्नो पवित्र र

गम्भिर जिम्मेवारीको महसुस गरे होला। तिनीहरूबाट येशू हराउनु हुने थिएनन् होला। तर एक दिनको लापर्वाहीले तिनीहरूले उद्धारकर्ता हराउनुभएको अनुभव गर्नुपर्‍यो। उहाँलाई भेट्टाउन तिन दिन सम्म खोज्नु पर्‍यो। तिनीहरूको साथमा बालक येशू नहुँदा तिनीहरू आततायी र चिन्तित बने। त्यो अनुभव युशूफ र मरियममामात्र नभएर हामीमा पनि हुनसक्छः निकम्मा बातचित, खराब तथा रुखो बोलीचाली तथा प्रार्थनाको वेवास्ता आदिले गर्दा हामी पनि मुक्तिदाताको उपस्थितिलाई गुमाउन सक्छौं। अनि उहाँलाई भेट्टाउन हामीले पनि धेरै शोकपूर्ण दिनहरू बिताउनु पर्नेछ र हामीले गुमाएको आनन्द र शान्ति फेरि पाउन प्रयास गर्नुपर्नेछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ८३बाट रूपान्तरित।

**चिन्तनमननः**

१. आउने परिक्षा, प्रलोभन, छल आदि आफै पनि पाप होइन। ती परिक्षाहरूले हामीलाई पवित्र जीवन बिताउन अगुवाइ गर्न सक्छ भनेर केही हदमा बाइबलले भनेको हामी पाउँछौं। हो, परिक्षा आउनु त स्वभाविकै हुन सक्छ तर त्यसमा फसेर पाप गर्नुचाहीँ खराब कुरो हो। फेरि त्यसैवखत कुनै पनि प्रलोभन वा परिक्षामा नपर्न हामीहरूको जिम्मेवारी के हो त?

२. बाइबलका चिन्तक र दर्शनशास्त्रीहरूले एउटा शब्दलाई सम्बोधन गरेर त्यसको बारेमा चर्चा गरेको पाइन्छ। त्यो शब्द हो, मेटानारेटिभ (**metanarrative**)। यो मेटानारेटिममा एक ठूलो विषयलाई लिएर कथा बनाइन्छ तर त्यसभित्र अरू साना तिना कथाहरू पनि समावेश भएको हुन्छ। अर्को शव्दमा भन्ने हो भने मेटानारेटिभ एक पृष्ठभूमि हो जहाँ अरू कथा तथा घटनाहरू घट्दछन्। सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामी यो भन्न सक्दछौं कि येशू र सैतानको बीचमा भएको घमासान द्वन्ध एक मेटानारेटिभ वा पृष्ठभूमी हो जसमा स्वर्ग र पृथ्वीमा जे भइरहेको छ त्यो घटिरहेको छ। बाइबलमा कुन् पदहरू छन् जसले येशू र सैतानको बीचमा भिषण संघर्ष

भइरहेको छ भनेर देखाउँदछन्? अनि यस पृथ्वीमा पनि के भइरहेको छ सो स्पष्ट पार्न कुन् कुन् पदहरूले हामीलाई खुलासा गरेका छन्?

३. परिक्षा, प्रलोभन, छल आदि हामीहरूको सामु आउँदा त्यसलाई सामना गर्ने अस्त्र बाइबलका प्रतिज्ञाहरू हुन्। विजयी येशूभक्तको जीवन बिताउन केही प्रभावकारी प्रतिज्ञाहरू तपाईंलाई याद छ? यद्यपि, ती प्रतिज्ञाहरूको बाबजुद पनि हामी सजिलैसँग किन खस्किन्छौं?

४. "परमेश्वरको वचनमा शङ्का गर्नु नै सैतानको पासोमा पर्ने पहिलो कदम हो" भनेर हामीले यस अध्यायमा हेऱ्यौं। त्यो मन्तव्य किन सत्य हुन सक्छ?

५. मानिसले बनाएका मूर्ति वा भगवानहरूलाई ढोग्नुमात्र तिनीहरूलाई पूजा गर्नु नभएर अरू के के यस्ता मूर्तिहरू वा पूज्य बस्तुहरू छन् जसले परमेश्वरको स्थान लिन्छन्?